बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(स्वास्थ्य शाखा)
बेलौरी, कञ्चनपुर

प.सं.:- २०८३।०८४
च.नं.:-

सुदूरपश्चिम प्रदेश, नेपाल

बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

औषधी तथा औषधीजन्य सामग्री खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३।०६।०१ गते

यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक पर्ने तपसिल बमोजिमका औषधि तथा औषधिजन्य सामग्री खरिद तथा आपूर्ति गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम योग्यता पुगेका इच्छुक सप्लायर्स/फर्म वा कम्पनीहरूबाट ७ (सात) दिनको म्याद दिई शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

१. खरिद सम्बन्धी विवरणः

- ठेक्का नं.: BELMUN/SQ/MED/०१-२०८३/८४
- कामको विवरणः औषधि तथा औषधीजन्य सामग्री खरिद तथा आपूर्ति
- लागतः रु. २५,००,०००/- (अक्षरेपीः पच्चिस लाख मात्र) [मू.अ.कर समेत]

२. दरभाउपत्र फाराम प्राप्त गर्ने र पेश गर्ने प्रक्रियाः

- सप्लायर्सले डकुमेन्टसहित रु. १,०००/- तिरेको भौचर तथा निवेदन पेश गरी शिलबन्दी दरभाउपत्र फारम बेलौरी नगरपालिका स्वास्थ्य शाखाबाट खरिद गर्नु पर्नेछ।
- पेश गर्ने अन्तिम मिति र समयः ८औँ दिन (२०८३/०६/०८) गते दिनको १२:०० बजेसम्म।
- खोल्ने मिति र समयः सोही दिन (२०८३/०६/०८) गते दिनको २:०० बजे, नगरपालिकाको कार्यालयमा।

३. अनिवार्य संलग्न गर्नुपर्ने प्राविधिक कागजातहरूः

- फर्म/कम्पनी दर्ता तथा नवीकरण प्रमाणपत्र।
- मू.अ.कर (VAT) र प्यान (PAN) दर्ता प्रमाणपत्र।
- आर्थिक वर्ष २०८१/८२ को कर चुक्ता प्रमाणपत्र।
- औषधि व्यवस्था विभाग (DDA) को थोक विक्रेता इजाजतपत्र।
- Manufacturer's Authorization Letter: उत्पादक कम्पनीको आधिकारिक अनुमति पत्र।
- GMP (Good Manufacturing Practice) Certificate: उत्पादक कम्पनीको गुणस्तर प्रमाणीकरण पत्र।
- सप्लायर्सको स्वघोषणा तथा प्रतिबद्धता पत्र ।

४. धरौटी रकम (Bid Security):

- धरौटीः रु. ७५,०००/-(अक्षरेपीः पचहत्तर हजार मात्र) नगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक बेलौरी शाखामा रहेको धरौटी खाता नं. (४३९०१००३०३०००००२) मा जम्मा गरेको सक्कल भौचर वा कम्तीमा ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी।

खेमराज जोशी
प्रमुख प्रशासकीय अधिकृत

Phone: 099-580221/292 Email: belaurimunicipality@gmail.com Website: https://www.belaurimun.gov.np